नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**चलचित्र विकास बोर्ड**
सरस्वतीनगर, चाबहिल, काठमाडौं

# कार्याशालामा सहभागी सम्बन्धी सूचना

( सूचना प्रकाशित मितिः२०७६।०२।०५ )

प्रस्तुत विषयमा बोर्डको आर्थिक वर्ष २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाली चलचित्रको प्रवर्द्धन विकास र स्तरीय चलचित्र निर्माणमा सहयोग पुग्ने किसिमका तालिम, कार्यशाला, गोष्ठी सञ्चालन गरी नेपाली चलचित्र क्षेत्रमा संलग्न तथा संलग्न हुन चाहने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न २० (बीस) जना चलचित्रकर्मीहरुलाई पटकथा सम्बन्धी **चार दिने कार्याशाला**/तालिम सञ्चालन गर्ने कार्यक्रम रहेकोले ईच्छुक चलचित्रकर्मीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा निवेदन दिनहुन यो सूचना बोर्डको वेबसाईट **www.film.gov.np** मा प्रकाशित गरिएको छ।

**सहभागिहरुको छनोटका शर्तहरू:**

- बोर्डको वेवसाईटमा तथा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी कार्यशालामा सहभागी हुनेको छनौट गरिनेछ।
- सूचना मार्फत् आवेदन परेका प्रशिक्षार्थीहरु पहिलो दर्ता भएको २० (बीस) जनालाई छनोट गरिने छ।
- चलचित्र सम्बन्धी विषयमा अध्ययन गरेको वा चलचित्रमा काम गरिरहेकोलाई विशेष ग्राहता दिईने छ।
- प्रशिक्षार्थीहरु चलचित्र निर्माणमा रुचि राख्ने विभिन्न कारणले चलचित्रसँग सम्बन्धित औपचारिक शिक्षा लिनबाट वञ्चित भएका प्रशिक्षर्थीहरुलाई प्राथमिकतामा राखी कार्यशालामा सहभागी गराईनेछ।
- प्रशिक्षाथीहरुको छनौट गर्दा महिला र पुरुष दुबैलाई समान अवसर दिईनेछ।